annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १६१, पृष्ठ ८ | काठमाडौं, बिहीबार २२ असोज २०८३ | आश्विन शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४६ | THURSDAY, OCTOBER 8, 2026 | मूल्य : रु. १०

प्रधानन्यायाधीशको ‘स्वेच्छाचारिता’विरुद्ध सर्वोच्चमै विद्रोह

संविधानले नागरिकलाई छिटो-छरितो न्याय दिने र कानुनको अन्तिम व्याख्या गर्ने सर्वोच्च जिम्मेवारी सुम्पेको सर्वोच्च अदालतको संवैधानिक इजलास स्वयं न्यायाधीशहरूबीचको आन्तरिक असमझदारीका कारण ठप्प बनेको छ। प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले नियमावली र वरिष्ठता मिचेर स्वेच्छाचारी ढंगले इजलास गठन गरेको भन्दै न्यायाधीश हरिप्रसाद फुयाँलले फरक मत राखेपछि बुधबारका लागि तय भएको संवैधानिक बेन्चको सुनुवाइ प्रभावित बन्यो।

दिनेश गौतम | *काठमाडौं*

समाचार पृष्ठ २

घाटामा डुबेको निगम नयाँ जहाज लिजको तयारीमा

भवनाथ प्याकुरेल | *काठमाडौं*

आफूसँग भएका जहाजसमेत पूर्णक्षमतामा सञ्चालन गर्न नसकेको नेपाल वायुसेवा निगमले फेरि लिजमा जहाज थप्ने प्रक्रिया अघि बढाउने तयारी गरेको छ।

निगमका ५ चिनियाँ जहाज वर्षौंदेखि व्यावसायिक उडानमा छैनन्, एउटा ट्विनअटर लामो समयदेखि ग्राउन्डेड छ भने अन्तर्राष्ट्रिय उडानका चारमध्ये एउटा वाइडबडी इटालीमा मर्मतका क्रममा लामो समयदेखि उतै छ।

निगमका अनुसार अवस्थाअनुसार अन्तर्राष्ट्रिय उडानमा अहिले तीनवटा जहाजमात्रै सञ्चालनमा छन्। आन्तरिकतर्फ भने ४ वटा जहाज उडिरहेकोमा एक जहाज बिग्रेर बसेको नेपाल वायुसेवा निगमका प्राविधिक प्रवक्ता देवेन्द्र पुनले बताए।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले निगम व्यवस्थापनलाई लिज मोडलबाट जहाज थप्न र नयाँ अन्तर्राष्ट्रिय गन्तव्य विस्तार गर्न निर्देशन दिएका छन्। सिंहदरबारमा गत सोमबार बसेको प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकमा मन्त्री पौडेलले भनेका थिए, ‘तत्काल नयाँ जहाज खरिद गर्न सम्भव नभएकाले लिजमा जहाज थप्न र नयाँ अन्तर्राष्ट्रिय गन्तव्यमा उडान विस्तार गर्न निगम व्यवस्थापनलाई निर्देशन दिएका छौं।’ तर, निगमसँग भएका जहाजको व्यवस्थापन, मर्मत र व्यावसायिक उपयोग नै प्रभावकारी बनाउन नसकेको अवस्थामा थप जहाज लिजमा ल्याउने सरकारी निर्देशनले निगममाथि थप आर्थिक भार सिर्जना गर्ने जोखिम देखिएको छ।

निगमका निमित्त महाप्रबन्धक जनकराज कालाखेतीका अनुसार निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि दुई ए-३२० न्यारोबडी र दुई ए-३३० वाइडबडी गरी ४ जहाज छन्। तीमध्ये अहिले तीनवटा उडानमा छन्। एउटा ए-३३० वाइडबडी इटालीमा निर्धारित ‘सी चेक’ का लागि पठाइएको थियो। मर्मतका क्रममा थप प्राविधिक समस्या देखिएपछि उक्त जहाजको मर्मत अवधि लम्बिएको हो। मर्मतका क्रममा ‘फर्दर फाइन्डिङ’ आएपछि त्यसको समाधान गर्न थप समय लागेको हो।

सुरुमा करिब २१ दिनको मर्मत प्याकेजअनुसार सेप्टेम्बर १ सम्ममा जहाज नेपाल फर्कने तालिका रहे पनि अतिरिक्त प्राविधिक समस्याका कारण करिब १ महिना बढी समय लागेको उनले बताए। निगमको एक दिन उडान नहुँदा करोडौं घाटा हुने गरेको छ। ‘फर्दर फाइन्डिङ’ आएपछि इन्जिनसम्बन्धी काम गर्नुपर्ने भएकाले आवश्यक पार्ट्सको खरिद र ढुवानी प्रक्रियासमेत लम्बिएको निगमको भनाइ छ।

» बाँकी पृष्ठ ६

MAKE YOUR DASHAIN SHOPPING EASIER
SHOP ELECTRONICS & KITCHENWARE

Above NPR 15,000/-@
भाट-भटेनी सुपर स्टोर (ESTD. 1984 AD)

ENJOY 0% EMI
WITH YOUR GLOBAL IME BANK CREDIT CARD

SHOP MORE. PAY EASILY.

*T&C APPLY

POWERED BY: iMS SOFTWARE

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

GLOBAL CONNECT Call Us: +977-1-5970600 globalconnect@gibl.com.np